# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१२।०४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, पाटन बैतडीका निमित्त डिभिजन प्रमुख इन्जिनियर सुरेशराज भट्टले चमेलिया खोला तटबन्ध नियन्त्रण निर्माण योजनाको कामको सम्झौता गर्न आलटाल तथा ढिलासुस्ती गरी हाल उक्त सम्झौता गरिदिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटिई गएको टोलीले निज इन्जिनियर सुरेशराज भट्टलाई घुस बापतको रकम रू.१,००,००/- लिइसकेको अवस्थामा र स्रोत नखुलेको रकम रू.१,००,०००/- गरी जम्मा रकम रू.२,००,०००/- (दुइ लाख) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, पाटन बैतडीका निमित्त डिभिजन प्रमुख इन्जिनियर सुरेशराज भट्टले सेवाग्राहीलाई घुस/रिसवत दिन बाध्य बनाई सोबापत रकम रू.१,००,००/-(एक लाख) र स्रोत नखुलेको रू.१,००,०००/-(एक लाख) सहित पक्राउ परेको भन्ने तथ्य प्रमाणित हुन आएको हुँदा निज राष्ट्रसेवकले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकोले निज इन्जिनियर सुरेशराज भट्टलाई बिगो रु. १,००,०००/-(एक लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला